# प्रदेश राजपत्र

मधेश प्रदेश, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५)जनकपुरधाम,नेपाल, माघ ३गते,२०७८साल(अतिरिक्ताङ्क १२(क)

भाग ३

## प्रदेश सभा सचिवालय

## मधेश प्रदेश, जनकपुरधाम

## सूचना

प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम ७३क. को उपनियम (२) बमोजिम प्रदेशको राजधानी तोक्ने प्रस्ताव सोही नियमावलीको अनुसूची ३क बमोजिम दर्ता भएका प्रस्तावहरुमध्ये प्रस्ताव नं. १ जनकपुरधाम (उत्तरमा धनुषा जिल्लाको ढल्केबर पूर्व पश्चिम लोकमार्ग,

पूर्वमा कमला नदी, दक्षिणमा नेपालको सिमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमा भित्रको सम्पूर्ण भू-भाग) नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजम प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भई प्रदेशको राजधानी जनकपुरधाम (उत्तरमा धनुषा जल्लाको ढल्केबर पूर्व पश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, दक्षिणमा नेपालको सिमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमा भित्रको सम्पूर्ण भू-भाग) कायम भएको व्यहोरा सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम माननीय सभामुखबाट प्रमाणीकरण समेत भइसकेकोले सोही ऐनको दफा ५ को उपदफा (२) बमोजिम निर्णय कार्यान्वयनका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले
रंजित कुमार यादव
सचिव
प्रदेश सभा, मधेश प्रदेश,
जनकपुरधाम



कानून ,न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय, मधेश प्रदेश बाट प्रकाशित